## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

**सूचना सार्वजनिक गर्ने निकायको नाम :- अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

**सूचना सार्वजनिक गरेको अवधि :- २०७१-४-१ देखी २०७२-२-३२ सम्म**

### क. <u>निकायको स्वरुप र प्रकृति</u>

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रुपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको हो। नेपालको अन्तरिम संविधान, २०६३, को भाग ११, धारा ११९, १२० र १२१ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ब्यवस्था गरी सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुद्वारा हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व तोकिएको छ । नेपालको अन्तरिम संविधान २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ द्वारा प्रदत्त अधिकार अनुसार आयोगले आफ्नो स्थापना कालदेखि भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा बिभिन्न दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरु द्वारा भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन प्रयत्नशील रही आएको छ ।

आयोगको कार्य सञ्चालन प्रणालीलाई प्रभावकारी वनाउने उद्देश्यले आयोगमा परेका सबै उजुरीलाई उत्तिकै महत्व दिई सम्वद्ध विषयहरु विश्लेषण गर्ने र अन्तरसम्वन्धित विषयहरूलाई सम्बद्य क्षेत्रसँग समन्वय गरी पहिचान गर्ने पद्दतिको विकास गरिएको छ ।कुनै पनि उजुरीलाई प्रारम्भिक वा विस्तृत अनुसन्धान गर्ने भन्ने विषय उजुरीको गाम्भिर्यता र जटिलता तथा उजुरीमा उल्लेखित भएको तथ्यको आधारमा निर्क्यौल गर्ने पद्दतिको विकास गरिएको छ विषयहरूलाई लिएर आयोगले सुस्पष्ट प्रावधान बनाएको छ ।कार्य संचालनकै सन्दर्भमा आयोगले आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारीलाई पनि

अधिकार प्रत्यायोजन गर्दछ । आयोगले विभिन्न क्षेत्रका औपचारिक/अनौपचारिक निकायसँग कार्यसंजाल विकसित गरेको छ। त्यस्ता संजालहरु मार्फत् सूचना प्रवाह हुने व्यवस्था छ। नागरिक समाजसँग सम्बन्ध बढाउने कुरामा पनि आयोगले जोड दिएको छ । व्यवसायिक संगठन, बुद्धिजीवी तथा राष्ट्रिय जीवनका विशिष्ट नागरिकवर्गसँग सम्बन्ध स्थापना गरी भ्रष्टाचारविरुद्ध वातावरण बनाउने, सदाचारप्रतिको आस्था बढाउने र सुशासनमा सक्दो बढी योगदान दिनमा आयोगले सक्रियता देखाएको छ। यस कदमले आयोगको कार्यप्रणालीमा स्पष्टता र शिघ्रता मात्रै ल्याएको छैन आयोगको कार्यसम्पादनलाई बढी प्रभावकारी पनि तुल्याएको छ। आयोगको कामकारवाहीलाई प्रभावकारी वनाउन विभिन्न सरकारी र गैर सरकारी निकायहरुसगँको सहकार्य र समझदारीलाई सुदृढ बनाउने तर्फ विभिन्न प्रयासहरु हुदै आएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरू नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि छ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरू ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने सम्बैधानिक व्यवस्था रहेको छ । हाल आयोगमा माननीय प्रमुख आयुक्त र ६ जना माननीय आयुक्तहरु कार्यरत रहनु भएको छ ।

| नाम | पद | बहाली मिति |
|---|---|---|
| श्री लोकमान सिंह कार्की | प्रमुख आयुक्त | २०७०।१।२५ |
| श्री केशव प्रसाद बराल | आयुक्त | २०७०।१।२५ |
| श्री दिप बस्न्यात | आयुक्त | २०७१।१२।१९ |
| श्री नवीनकुमार घिमिरे | आयुक्त | २०७१।१२।१९ |
| डा. गणेशराज जोशी | आयुक्त | २०७१।१२।१९ |
| श्री राजनारायण पाठक | आयुक्त | २०७१।१२।१९ |
| डा. सावित्री थापा गुरुङ्ग | आयुक्त | २०७१।१२।१९ |

## ख. निकायको काम, कर्तव्य र अधिकार

आयोगका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेका छन् :

- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

- खराब आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संबैधानिक पदाधिकारीहरु, न्यायपरिषदवाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधिसहरु र सैनिक ऐन बमोजिम कारवाही हुने ब्यक्तिका हकमा निजलाई पदमुक्त भइ सके पछि कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्ने गराउने ।

- सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा त्यस्ता ब्यक्तिलाइ सचेत गराउन वा बिभागीय वा अन्य कारवाहीको लागि अख्तियारवाला समक्ष पठाउने ।

- सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो ब्यक्ति र सो अपराधमा संलग्न अन्य ब्यक्तिहरु उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

- सम्माननीय राष्ट्रपतिज्यू समक्ष सम्पादित कामहरुको बार्षिक प्रतिवेदन पेश गर्ने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले व्यवस्थित गरेको छ । यस ऐनले आयोगलाई अनुसन्धान तहकिकात गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादित हुने गरेका छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- दुष्परिणाम सच्याउन आदेश दिने,
- हानी नोक्सानी असुल उपर गराउने,
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने,
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रबर्द्धनात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## ग. निकायमा रहने  कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची–१ मा उल्लेख गरिएको छ ।आयोगमा अनुसन्धान महाशाखाहरू–७ वटा , सम्पत्ति मूल्यांकन तथा विशेष अनुसन्धान महाशाखा, प्रहरी महाशाखा, प्रशासन महाशाखा, मुद्दा तयारी महाशाखा, बहस पैरवी महाशाखा, पुनरावेदन तथा तामेली महाशाखा, अनुगमन महाशाखा र योजना महाशाखा गरी जम्मा १५ वटा महाशाखा रहेका छन् । स्वीकृत दरबन्दीतर्फका  (प्रहरी दरबन्दी समेत), पुल दरबन्दीका ४०, सवारी चालक ४३, कार्यालय सहयोगी ४३  समेत गरी जम्मा ४३० जना कर्मचारीहरूको दरवन्दी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पाँच वटा क्षेत्रीय कार्यालयहरुमा कूल दरवन्दी २७० र पाँच वटा सम्पर्क कार्यालयहरुमा कूल दरवन्दी १२० रहेको छ ।काजमा समेत गरी हाल करीव १०००  कर्मचारीहरु आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरुमा कार्यरत रहेका छन् ।

## घ. निकायबाट प्रदान गरिने सेवा

- सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगमा परेका उजुरीहरु उपर अनुसन्धान तथा तहकिकात गरी दोषी देखीएमा त्यस्ता ब्यक्तिहरुलाइ सचेत गराउन वा बिभागीय वा अन्य कारवाहीको लागि अख्तियारवाला समक्ष लेखीपठाउने।
- सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो ब्यक्ति र सो अपराधमा संलग्न अन्य ब्यक्तिहरु उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा आरोपपत्र दायर गर्ने वा गराउने।

## ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्वेवार अधिकारी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका अनुचित कार्य तथा भ्रष्टाचार सम्बन्धी बिभिन्न उजुरीहरुलाई मन्त्रालयगत/निकायगत रुपमा वर्गीकरण गरी तोकीएका अनुसन्धान महाशाखाहरुबाट उजुरीहरुको प्रारम्भिक छानविन तथा आवश्यकता अनुसार बिस्तृत अनुसन्धान हुने ।

## च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र समयावधि :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ मा भएको व्यवस्था अनुसार तथा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ७ र ८ को व्यवस्था अनुसार सम्बन्धित व्यक्तिलाई दिन मिल्ने सूचना तोकीएको शुल्क प्रति पानाको रु.५ का दरले उपलब्ध गराईने व्यवस्था रहेको।

## छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २३ अनुसार अनुसन्धान कार्य र सो सँग सम्बन्धित बिषयहरु अनुसन्धान अवधिभर गोप्य राख्नु पर्ने भएकोले सार्वजनिक नगरीएको। साथै मन्त्रालय/निकायहरु सँग सम्बन्धित उजुरीहरु कार्य विभाजन गरी अनुसन्धान गर्ने गरीएको ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३५ग. अनुसार सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

**झ. सम्पादन गरेको कामको विवरण :-**

सार्वजनिक पद धारण गरेको कुनै ब्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगमा परेका उजुरीहरु उपर छानविन,अनुसन्धान तथा तहकिकात गरी दोषी देखिएमा त्यस्ता व्यक्तिहरुलाई अख्तियारवाला कहाँ आवस्यक कारवाहीका लागी लेखी पठाउने तथा भ्रष्टाचारको कसुर मा सम्बन्धित पदाधिकारीहरु व्यक्तिहरु उपर सम्बन्धित अदालतमा आरोपपत्र दायर गर्ने गरिन्छ। आ.व.२०७०/७१ मा आयोगमा परेका उजुरीहरु तथा कारबाहीको विवरणहरु देहाय अनुसार छ ।

आर्थिक वर्ष २०७०।७१ मा आयोगमा पर्न आएका कूल उजुरी र ती उजुरीहरू उपर छानबिन तथा अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालिकामा दिइएको छ ।

| निकाय | उजुरी संख्या | फछ्र्यौट संख्या | | | | बाँकी उजुरी संख्या |
|---|---|---|---|---|---|---|
| | | प्रारम्भिक अनुसन्धानबाट तामेली | विस्तृत अनुसन्धानमा गएको | अन्य कारवाही | कुल फछ्यौंट | |
| केन्द्रीय कार्यालय | १६५११ | ४८२८ | ७९५ | ५३९१ | ११०१४ | ५४९७ |
| क्षेत्रीय कार्यालयहरु | ६०९१ | १३५७ | ९५ | ४२६ | १८७८ | ४२१३ |
| जम्मा | २२६०२ | ६१८५ | ८९० | ५८१७ | १२८९२ | ९७१० |

आयोगको केन्द्रीय कार्यालयमा परेका उजुरीहरु मध्ये करीव ६७ प्रतिशत उजुरीहरु फरछ्यौट भएका छन् ।आयोगका क्षेत्रीय कार्यालयहरु २०७० आश्विन १ गतेदेखि मात्र स्थापना गर्ने निर्णय भएकोमा ती निकायहरु संचालनका लागि भवन, भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनका लागि केही समय लागेको, कार्यालय स्थापना भएपछी ती

निकायहरुमा पनि उजुरी दर्ता हुने गरेको, विगतमा क्षेत्रीय प्रशासन तथा जिल्ला प्रशासन कार्यालयहरुमा मौजुदा रहेका उजुरीहरु समेत क्षेत्रीय कार्यालयहरुमा सरी आएका र ती उजुरीहरुमा समेत थप छानविनको लागि समय दिनु पर्ने देखिएको छ ।साथै आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने गरी नेपाल राजपत्र खण्ड ६४ संख्या ३४ भाग ४ मा प्रकाशित मिति २०७१/९/२८ को सूचना अनुसार तोकीएका ३२ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले समेत भ्रष्टाचार तथा अनुचित कार्यका सम्बन्धमा उजुरीको छानविन,अनुसन्धान तथा तहकिकात गर्न सक्ने व्यवस्था भएको छ । आ.ब.२०७१/७२ को बैशाख मसान्त सम्मको अवधीमा आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरुमा कूल १७५०० थप उजुरीहरु प्राप्त भै अघिल्लो आ.ब. बाट जिम्वेवारी सरेका ९७१० उजुरीहरु समेत गरी कूल उजुरीहरु २७२१० उपर छानविन तथा अनुसन्धान हुदाँ चालु आ.ब. को बैशाख मसान्त सम्ममा १४७८४ उजुरीहरु फछ्र्यौट भएका छन् ।

**अभियोजन र कारबाहीको विवरण :**

आर्थिक वर्ष २०७०/७१मा बैठक बसी आयोगकको निर्णयबाट मुद्दा दायर भएको, विभागीय कारबाही, ध्यानाकर्षण, सचेत लगायतका कारबाहीहरू भएका छन् ।आर्थिक वर्ष २०७०/७१मा भएका निर्णयबाट कारबाही स्थिति निम्न तालिकामा दिइएको छ।

| मुद्दा दायर | विभागीय कारवाही | सचेत | ध्यानाकर्षण | सुझाव, निर्देशन | असुल उपर | अन्य कारबाही | तामेली | मुलतवी |
|---|---|---|---|---|---|---|---|---|
| १६८ | ८५ | ७ | १० | ८७ | ५७ | ११७ | ४४७ | २९ |

**विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :-**

आर्थिक वर्ष २०७०/७१मा विशेष अदालतमा दायर भएका मुद्दाहरू र प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | विषय | मुद्दा संख्या | प्रतिवादी संख्या |
|---|---|---|---|
| १ | नक्कली लिखत तथा शैक्षिक प्रमाणपत्र | ८० | ८० |
| २ | भूमि सम्बन्धी | १० | ८१ |
| ३ | घूस रिसवत | २१ | ११८ |
| ४ | सार्वजनिक खरिद तथा निर्माण | १२ | ११० |
| ५ | गैरकानुनी लाभ वा हानि | ३९ | २३७ |
| ६ | गैरकानुनी सम्पत्ति | २ | ४ |
| ७ | राजस्व हिनामिना | २ | ९ |
| ८ | अन्य | २ | १३ |
| जम्मा | | १६८ | ६५२ |

आर्थिक वर्ष २०७०।७१ मा आयोगबाट अभियोजन गर्ने निर्णय गरिएका मुद्दाहरूमा जम्मा रु.१,६६,२४,९०,७८९।— (एक अर्ब छैसठ्ठी करोड चौबिस लाख नव्वे हजार सात सय उनानव्वे मात्र) बिगो मागदाबी लिइएको छ । यस आ.व.मा विशेष अदालतबाट ९८ मुद्दाहरूको फैसला प्राप्त भएकोमा आयोगलाई असफल बनाइएका १९ थान मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको छ ।

सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरी सार्वजनिक संस्थाहरूलाई हानि नोक्सानी पुऱ्याएको रकम सम्बन्धित व्यक्तिहरूबाट भरिभराउ गर्ने क्रममा प्रतिवेदन अवधिमा आयोगका निर्णयहरू कार्यान्वयन भई असुल भएको रु.६,२६,४०,७३४।५१,अनुसन्धानका क्रममा असुल भएको रु.२५,६१,०६,७९५।९६ र आयोगको निर्णयबाट असुल उपरको लागि लेखी पठाइएको रु.७,६०,८५,०४९।२४ समेत गरी ३९ करोड ४८ लाख ३२ हजार ५ सय ७९ रुपैया ७१ पैसा असुल उपर सम्बन्धी कारवाही भएको छ । यस अतिरिक्त आ.व. २०७०।७१ मा आयोगको निगरानी एवं आन्तरिक राजस्व विभाग तथा कार्यालयहरूको विशेष पहलमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तशुल्क छलीको अनुसन्धानबाट भएको कर निर्धारण तथा वक्यौता कर

असुली समेत गरी ६ अरब ७ करोड ६ लाख रुपैया असुल उपर सम्बन्धी कारबाही भएको छ। चालु आ.ब. को बैशाख मसान्त सम्ममा आयोगबाट २७८ आरोपत्रहरु विशेष अदालतमा दायर गरीएको र  करिव रु. १ अर्ब ७९ लाख २६ हजार विगो कायम गरिएको छ ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७१/३/१९ को (सचिवस्तर) निर्णयानुसार सूचना अधिकारीको रुपमा आयोगका उप-सचिव श्री केशवप्रसाद घिमिरे कार्यरत रहनुभएको छ। सूचना अधिकारीको सम्पर्क टेलिफोन नं. ९८५११७५९८३ रहेको छ ।

**ट. ऐन,नियम, विनियम वा निर्देशिकाको सूची :-**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि,२०७०
- भ्रष्टाचार निवारण ऐन,२०५९
- भ्रष्टाचार निवारण ऐन,२०१७
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आचारसंहिता,२०७०
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९
- सार्वजनिक खरिद ऐन,२०६३
- सार्वजनिक खरिद नियमावली,२०६४
- मुलुकी ऐन,२०२०

ठ. आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :-

आर्थिक बर्ष २०७१/७२ को कूल वजेट तथा कूल खर्च

| बजेट उपशिर्षक | वजेट शिर्षक | कूल बार्षिक बजेट | दोश्रो चौमासिक सम्मको कूल खर्च | बजेट बाँकी |
|---|---|---|---|---|
| संस्थागत सुदृढिकरण २०६१०१३/१४ | पुँजिगत | १५४९४०००० | ६३७७६१७१ | ९११६३८२९ |
| | चालु | ७२३००००० | २०६०१८६३ | ५१६९८१३७ |

हाल सम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुनै बेरुजु नभएको ।

ड. तोकिए बमोजिमका अन्य विवरण :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बाट चालु आ.ब.मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु

- सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको आयोगको आ.ब. २०७०/७१ को बार्षिक प्रतिवेदन
- भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगको रणनीति सन् २०१४-२०१९
- स्मारिका २०७१
- बुलेटिन
- भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बहुआयामिकता

ढ. अघिल्लो आ.ब.मा सञ्चालन भएका कार्यक्रमहरुको विवरण :-

- सामुदायिक शिक्षा कार्यक्रम
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानुनमा सुधारका लागी अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य

- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अन्तर्क्रिया तथा छलफल
- भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागी आधारभुत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस

**ण. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेभसाईट www.ciaa.gov.np रहेको छ । उक्त वेभसाईटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरुको विवरण, ऐन कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचिकृत गरीएको छ । यसका अलावा अनलाईन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्था समेत मिलाईएको छ । आयोगको सामाजिक सञ्जाल फेसवुक मार्फत समेत आयोगले आफ्ना दैनिक काम कारवाहीको जानकारी गराउदै आएको छ ।

**त. बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोगको विवरण :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हाल सम्म कुनै प्रत्यक्ष बैदेशिक सहायता तथा ऋण सहयोग नलिएको ।

**थ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :-**

भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.ब.२०७०/७१ मा गरेका कार्यहरुको वार्षिक प्रतिवेदन सम्मानतीय राष्ट्रपति समक्ष पेश भएको साथै आ.ब.२०७०/७१ को सुशासन सम्बन्धी बार्षिक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ ।

**द. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :-**

सरकारी कागजात धुल्याउने नियमहरु, २०२७ को अनुसूची १देखी अनुसूची ५ सम्मको व्यवस्था अनुसार कागजात धुल्याउने तथा संरक्षण गर्ने गरीएको ।

ध. सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरण :-

मिति २०७१/४/६ देखि मिति २०७२/२/३१ सम्मको अवधिमा सूचना माग गर्ने १३ जनाको हकमा सूचना उपलब्ध गराईएको र यसको जानकारी राष्ट्रिय सूचना आयोगलाई दिइएको ।

न. विविध :-

२०७२ बैशाख १२ को विनासकारी भुकम्पले पिडित घरपरिवारहरुको सहयोगको लागी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट माननीय प्रमुख आयुक्तज्यू तथा माननीय आयुक्तज्यूहरुको २ महिनाको पारिश्रमिक, अधिकृत स्तर तथा सो भन्दा माथीका कर्मचारीहरुको १ महिनाको पारिश्रमिक र सहायक स्तरका कर्मचारीहरुको १५ दिन वरावरको पारिश्रमिक गरी जम्मा रु. १ करोड २७ लाख ७० हजार ४ सय ६ प्रधानमन्त्री दैविप्रकोप उद्धार कोषमा दाखिला गरिएको छ ।

माननीय प्रमुख आयुक्तज्यूबाट आयोगको हेटौडा स्थित क्षेत्रीय कार्यालय तथा ५ वटै सम्पर्क कार्यालयहरुको भवन सिलान्यासको कार्यक्रम सम्पन्न भएको छ ।आयोगका गतिविधिहरु सम्बन्धमा थप जानकारी तथा सुचनाहरु आयोगको वेभसाईट www.ciaa.gov.np तथा आयोगको फेसबुक पेजबाट प्राप्त गर्न सकिने छ ।

अनुसूची - १

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सङ्गठन तालिका




(क)